annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक २०८ पृष्ठ १२ | काठमाडौं, मंगलबार १८ मंसिर २०८१ | मार्ग शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४५ | TUESDAY, DECEMBER 3, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# नेपालमा ९,९७,६६२ एकल महिला

## जसमा सवा ८ लाख विधवा, एक्लै बस्ने ५५ प्रतिशत

नेपालका झन्डै १० लाख एकल महिला छन्। कुल ९ लाख ९७ हजार ६ सय ६२ एकल महिलामध्ये ८ लाख २६ हजार १ सय ४७ विधवा छन्। १० वर्ष वा सोभन्दा माथिका कुल महिला जनसंख्यामध्ये ८.२ प्रतिशत एकल महिला छन्। विधुर (२.२ प्रतिशत) भन्दा विधवा महिलाको संख्या धेरै (६.६ प्रतिशत) छ।




ग्राफिक्स : रामकृष्ण राना
स्रोत : राष्ट्रिय जनगणना–२०७८

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
– को रिपोर्ट

समाचार पृष्ठ २

## प्रधानमन्त्री आज महत्त्वपूर्ण भेटघाटमा



**काठमाडौं** (अन्नपूर्ण): प्रधानमन्त्री केपी शर्मा ओली चारदिने औपचारिक भ्रमणका लागि सोमबार साँझ चीनको राजधानी बेइजिङ पुगेका छन्। चिनियाँ समकक्षी ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री ओली नेतृत्वको ८७ जनाको टोली चीनको स्थानीय समयअनुसार साँझ ६ बजे बेइजिङ क्यापिटल इन्टरनेसनल विमानस्थल पुगेका हुन्।

प्रधानमन्त्री ओली नेतृत्वको टोली सोमबार बिहान ११ बजे हिमालय एयरलाइन्सको विशेष चार्टर विमानबाट चीन प्रस्थान गरेको थियो। भ्रमणका क्रममा मंसिर १८ गते मंगलबार चिनियाँ समकक्षी छ्याङले प्रधानमन्त्री ओलीलाई स्वागत गर्ने छन्। तत्पश्चात् दुईपक्षीय वार्ता र हस्ताक्षर समारोह हुने कार्यक्रम छ।

» बाँकी पृष्ठ ८

## प्रमुखमा कांग्रेस, एमाले र माओवादी एक-एक

### स्थानीय तह उपनिर्वाचन

**राजकरण महतो** | *काठमाडौं*



**कृष्णमान डंगोल**
कीर्तिपुर



**नमोनारायण माझी**
ग्रामथान, मोरङ



**जंगबहादुर शाही**
महाबुँ, दैलेख

स्थानीय तहको उपनिर्वाचनमा कीर्तिपुर नगरपालिकाको प्रमुखमा कृष्णमान डंगोल विजयी भएका छन्। नेकपा माओवादी केन्द्रका शिवशरण महर्जनलाई पराजित गर्दै नेपाली कांग्रेसका डंगोलले पुरानो विरासत कायम राखेका छन्। निर्वाचनमा कांग्रेसका डंगोलले ५ हजार ३ सय ३४ मत ल्याए भने महर्जनले ४ हजार ५ सय ५५ मत ल्याउँदै दोस्रो स्थानमा पुगे। २०७९ सालको स्थानीय तहको निर्वाचनमा कीर्तिपुरबाट जितेका राजकुमार नकर्मीको मृत्यु भएपछि रिक्त रहेको प्रमुखको पदमा निर्वाचन गराइएको हो।

यस निर्वाचनमा सबैभन्दा बढी स्थानमा कांग्रेसले जितेको छ। ४२ स्थानीय तहको विभिन्न पदमध्ये यो समाचार बनाउँदासम्म ३९ स्थानको नतिजा सार्वजनिक हुँदा कांग्रेसले १७ स्थानमा जितेको हो। माओवादी ९ र एमाले ७ स्थानमा जित निकालेको छ। त्यसैगरी जसपा नेपाल २, एकीकृत समाजवादी, नेमकिपा, रास्वपा र स्वतन्त्र उम्मेदवारले १/१ स्थानमा मात्रै जितेको छ। नगरपालिकाका प्रमुख १, उपप्रमुख १, गाउँपालिकाका अध्यक्ष २, उपाध्यक्ष ४ तथा वडा अध्यक्ष ३३ जना गरी जम्मा ४१ पदका लागि आइतबार उपनिर्वाचन भएको थियो। मतदानअघि नै एक जना वडा अध्यक्ष निर्विरोध निर्वाचित भएका थिए । चुनावमा राजनीतिक दलका २ सय ७४ र स्वतन्त्र १ सय २ जना गरी जम्मा ३ सय ७६ जना उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए।

उपप्रमुख, अध्यक्ष र उपाध्यमा कुन पार्टीका कहाँ निर्वाचित रुकुम (पूर्व भाग) को पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रका नरपुरा बुढा विजयी भएकी छन्। उनले एमालेकी केशकुमारी तुलाचनलाई पराजित गरिन्। तुलाचन कांग्रेसको चुनाव चिन्ह रूखबाट निर्वाचनमा उठेकी थिइन्। मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका नमोनारायण माझीले जित निकाले। कांग्रेसका बलराम सरदार थारुलाई उनले पराजित गरे। दैलेखको महाबुँ गाउँपालिकाको अध्यक्षमा एमालेका जंगबहादुर शाही विजयी भएका छन्। उनले कांग्रेसका झलकबहादुर भण्डारीलाई पराजित गरे।

» बाँकी पृष्ठ ८

## कोशीको कानुनमन्त्रीमा भण्डारी नियुक्त

**किशोर बुढाथोकी** | *विराटनगर*

कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्रीमा रेवतीरमण भण्डारी सोमबार नियुक्त भएका छन्। उनी नेकपा (एमाले) कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक हुन्।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संविधानसभा सदस्य एवं एमालेका प्रदेशसभा सदस्य भण्डारीलाई मन्त्री नियुक्त गरे। उनले सोमबार साँझ नै प्रदेश प्रमुख पर्शुराम खापुङबाट पद तथा गोपनीयताको शपथ लिएका छन्। भण्डारी सुनसरीको निर्वाचन क्षेत्र नम्बर २ को 'क' बाट प्रदेशसभा सदस्य निर्वाचित भएका हुन्। विवादास्पद जापान भ्रमणका कारण तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीले कात्तिक २१ गते राजीनामा दिएका थिए।

» बाँकी पृष्ठ ८




## सजियो जनकपुर, सुरु भयो विवाह महोत्सव

**मनिका झा** | *जनकपुरधाम*

जनकपुर अहिले दुलही झैं सजिएको छ। चारैतिर सरसफाइ गरेर चिटिक्क पारिएको छ। देशी, विदेशी पाहुनाको स्वागतमा जानकी मन्दिरका महन्थ र पुजारीहरू लागिसकेका छन्।

'श्री सीताराम विवाहपञ्चमी महोत्सव' आइतबारबाट विधिवत् रूपमा सुरु भइसकेको छ। महोत्सवलाई भव्य र सभ्य बनाउन मन्दिरका प्रशासक, प्रदेश तथा स्थानीय सरकार र प्रशासनिक निकाय लागि परेका हुन्।

त्रेता युगमा मिथिलाकी राजकुमारी सीता र अयोध्याका राजकुमार रामबीच जुरेको वैवाहिक सम्बन्धलाई जनकपुरवासीले प्रत्येक वर्ष वैवाहिक वार्षिकोत्सवको रूपमा मनाउँदै आएका छन्। मिथिलामा छोरीको विवाहको बेला गरिने सम्पूर्ण विधि र प्रक्रियाहरू यस महोत्सवमा गरिन्छ। सप्ताहव्यापी विवाह महोत्सवको मुख्य आकर्षण विवाहपञ्चमी अर्थात् बिहे हुने दिन हुन्छ। यस वर्ष मंसिर २१ गते शुक्रबार रामसीताका विवाह गरेर विवाहपञ्चमी मनाइँदै छ।



**जनकपुरमा विवाहपञ्चमी महोत्सवको रौनक।** ● मनिका झा

विवाहपञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन आइतबार नगरदर्शन कार्यक्रम गरिएको हो। भगवान् राम त्रेता युगमा जब आफ्ना गुरु महर्षि वशिष्ठका साथ जनकपुर आएका बेलालाई सम्झना गर्दै नगरदर्शन कार्यक्रम गर्ने गरिन्छ। दोस्रो दिन फूलबारी लीला मनाइयो। जसमा भगवान् राम र सीताको पहिलो भेट फूलबारी (फूलको बगैंचा) मा भएको स्मरणमा फूलबारी लीला गरिन्छ। तेस्रो दिन धनुष यज्ञ मनाउने गरिन्छ। राजा जनकले छोरी सीताको विवाहका लागि निकै महत्वपूर्ण सर्त राखेका थिए। जसअनुसार जनकसँग भएको भगवान् शिवको धनुष उठाएर प्रत्यन्चा चढाउन सफल हुने महापुरुषसँग नै सीताको विवाह गर्ने तय गरिएको थियो।

रामायणमा उल्लेखित यस प्रसंगका अनुसार जनकपुरको रंगभूमि (हालको बारहबिग्घा मैदान) मा जनकले धनुष यज्ञको आयोजना गरे। सो यज्ञमा जनकको सर्तलाई चुनौती दिन महान पराक्रमी राजाहरूको सहभागिता थियो। महर्षि वषिष्ठ पनि आफ्ना शिष्यहरू राम र लक्ष्मणलाई लिएर सो यज्ञमा सहभागी हुन पुगेका थिए। सोही क्रममा धनुषमा प्रत्यन्चा चढाउन त के, कुनै पनि राजाहरूले शिवको धनुषलाई हल्लाउनसमेत सकेनन् तर, रामले धनुषलाई सजिलै गरी उठाए। प्रत्यन्चा चढाउन खोज्दा धनुष तीन टुक्रामा भाँच्चियो। यसरी रामले राजा जनकको सर्त जिते र सीतासँग उनको विवाह निश्चित भयो।

» बाँकी पृष्ठ ८